सिद्धार्थनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ संख्या : ३४ मितिः आश्विन १४, २०७८,

## भाग - २

## सिद्धार्थनगर नगरपालिकाको तीन पाङ्ग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८

सिद्धार्थनगर नगरपालिकामा सञ्चालन हुने विद्युतीय रिक्सा, अटो रिक्सा लगायतका तीन पाङ्ग्रे सवारी साधनहरुलाई व्यवस्थापन गर्न, ट्राफिक व्यवस्थापनमा सहजता ल्याउन, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारी चालक, सवारी धनीहरुका हित प्रवर्द्धन गर्दै स्थानीय यातायात, सुरक्षा र नियमन गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोही ऐनको दफा ११ को उपदफा ४(ट) बमोजिम अधिकार प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोही बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी नगर क्षेत्रमा चल्ने तीन पाङग्रे सवारी साधनको दर्ता, अनुमति, नगर क्षेत्रलाई आवश्यक संख्याको निर्धारण, रुट निर्धारण, भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्न र वैकल्पिक तथा नविकरणीय उर्जाबाट चल्ने सवारी साधनलाई प्रोत्साहित गर्दै यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७८।६।१३ को बैठकबाट यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "तीन पाडग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) प्रारम्भ : यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले "तीन पाडग्रे सवारी साधन संञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०७८ भन्ने बुझिनेछ ।

(ख) "विद्युतीय रिक्सा" भन्नाले पेट्रालियम पदार्थ बिना विद्युत, सौर्य उर्जा वा नविकरणीय उर्जाबाट चार्ज हुने रिक्सा भन्ने बुझिनेछ । जसलाइ छोटकरीमा इ-रिक्सा भनिनेछ ।

(ग) "म्यानुअल रिक्सा" भन्नाले मानव श्रम शक्तिद्वारा सञ्चालन हुने परम्परागत रिक्सा भन्ने बुझिनेछ ।

(घ) “संचालन अनुमति” भन्नाले सिद्धार्थनगर नगरपालिकाले रुट निर्धारण गरी नगर क्षेत्र भित्र सञ्चालन गर्ने अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका विद्युतीय रिक्साका संचालन अनुमतिलाई बुझाउनेछ ।

(ङ) “रुट” भन्नाले विद्युतीय रिक्सा सञ्चालनका लागि नगर क्षेत्रभित्र राजमार्ग सडक बाहेक निश्चित क्षेत्र तोकी रुट इजाजत पत्रमा उल्लेखित रुट भन्ने बझाउनेछ ।

(च) “क्रसिङ बिन्दु” भन्नाले सिद्धार्थनगर नगरपालिकामा सञ्चालन हुने गरी दर्ता तथा रुट इजाजत प्राप्त गरेको विद्युतीय रिक्साहरुले राजमार्ग सडक वारपार गर्ने प्रयोजनको लागि ट्राफिक प्रहरी कार्यालयले निर्धारण गरी दिएका निश्चित संख्याको राजमार्ग सडक वारपार गर्ने स्थान भन्ने बुझिनेछ ।

(छ) “राहत कोष” भन्नाले यस कार्यविधिको दफा १७ बमोजिमको राहत कोषलाई बुझिनेछ ।

(ज) “समिति” भन्नाले यस कार्यविधिको दफा १३ बमाजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ ।

(झ) “स्वरोजगार” भन्नाले आफना वा एकाघर परिवारको नाँउमा बिलबुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ ।

(ञ) “कार्यपालिका” भन्नाले सिद्धार्थनगर नगरपालिकाका नगर कार्यपालिकालाई बुझाउनेछ ।

(ट) “नगर कार्यपालिका कार्यालय” भन्नाले सिद्धार्थनगर नगरपालिकाको नगर कार्यपालिका कार्यालयलाई बुझाउनेछ

(ठ) “नगर क्षेत्र” भन्नाले सिद्धार्थनगर नगरपालिकाको सीमाना भन्ने बुझाउनेछ ।

(ड) “प्रमख” भन्नाले नगरपालिकाको नगर प्रमुख भन्ने बुझाउनेछ ।

(ढ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउनेछ ।

## परिच्छेद २
## दर्ता सम्बन्धी व्यवस्था

३. संचालन अनुमति लिनु पर्ने : (१) सिद्धार्थनगर नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिने विद्युतीय रिक्सा, म्यानुअल रिक्सा, तीन पाङ्ग्रे टेम्पु वा अन्य जुनसुकै किसिमका तीन पाङ्ग्रे साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी सिद्धार्थनगर नगरपालिकाबाट संचालन अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमति नलिइ नगर क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

४. अन्यत्र दर्ता भएका सवारी सञ्चालनमा रोक लगाइने : सिद्धार्थनगर नगरपालिकाका राजमार्ग सडक बाहेक अन्य सडकमा सञ्चालनका लागि दर्ता भइ रुट अनमति पत्र वाहक बाहेक अन्य रिक्सा, टेम्पु जन्य सवारी साधन सञ्चालनमा पूर्णत बन्देज गरिनेछ । तर छिमेकी पालिकामा रुट इजाजत प्राप्त सवारी साधनले बिरामी उपचारका लागि लिएर आएका अवस्था बाहेक सीमाना क्षेत्रबाट एक किलोमिटर भन्दा बढी क्षेत्रमा सवारी ल्याउन पाइन छैन र फर्किदा बिरामी वाहेकका यात्रु लिएर फर्किन पाइने छैन ।

५. दर्ता गर्नु पर्ने

(१) नगर क्षेत्रमा सञ्चालन हुने गरी यस कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनको छानबिन गरी निवेदन प्राप्त भएका मितिले ३० (तिस) दिन भित्र इ-रिक्सा दर्ता गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुने विद्युतीय रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नंवर उपलब्ध गराउन सक्नेछ ।

(३) दर्ता भएको विद्युतीय रिक्साको वार्षिक नवीकरण गर्नुपर्नेछ ।

(४) दर्ता तथा नवीकरण शुल्क नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगर सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

६. सुचना गर्नुपर्ने :

(१) यस कार्यविधि बमोजिम संचालन अनुमतिका लागि नगर कार्यपालिकाले कम्तीमा २१ दिनको सार्वजनिक सूचना गर्नु पर्नेछ । सो समयमा आवश्यक परेमा म्याद थप गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम प्राथमिकताका आधारमा दर्ता गर्नु पर्नेछ । तोकिएका अन्य कुरा बाहेक देहाय बमाजिमको प्राथमिकताका तोकी सूचना प्रकाशित गरिने छ ।

(१) स्थानीय (नगर क्षेत्र) को स्वरोजगार महिला ।

(२) स्थानीय (नगर क्षेत्र) स्वरोजगार ।

(३) रुपन्देही जिल्लाका स्थानीय बासिन्दा ।

(४) लुम्बिनी प्रदेशका स्थायी बासिन्दा ।

(५) नेपाली नागरिक ।

७. निवेदन दिनु पर्ने : (१) दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमको विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ ।

(क) सवारी धनीका नाम थर ठेगाना, नागरिकता न. र प्राप्त जिल्ला, नागरिकताका प्रतिलिपि

(ख) सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल बिजक

(ग) सवारीको चेसिस नम्बर

(घ) सवारी चालक आफ भए चालक अनुमति पत्रका प्रतिलिपि

(ङ) संघीय सरकार/प्रदेश सरकारको निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नंवर र बिलबुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात ।

(च) उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा नगर कार्यपालिका कार्यालयले छानबिन गरी १५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ ।

८. म्यानुअल रिक्सा दर्ता तथा सचालन :

नगर क्षेत्र भित्र म्यानुअल रिक्सा दर्ता तथा सञ्चालन गर्न पाइने छैन । तर बिगतमा दर्ता भएका म्यानुअल रिक्सा नवीकरण र सञ्चालन गर्न भने रोक लगाइने छैन । यस दफा बमोजिम दर्ता भई सञ्चालनमा रहेका रिक्साका फर्म, च्यासिस नंवर परिवर्तन गर्न पाइने छैन । लगातार २ वर्ष नवीकरण नभएका म्यानुअल रिक्साका दर्ता नवीकरण गरिने छैन ।

९. सवारी चालक अनुमति पत्र : नगर क्षेत्रभित्र सञ्चालन हुने सवारी साधनका चालकले प्रचलित कानून बमोजिम सवारी चालक अनुमति पत्र लिएको हुनु पर्नेछ ।

## परिच्छेद-३
## रुट तथा संख्या निर्धारण सम्बन्धी व्यवस्था

१०. रुट निर्धारण: (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने सवारी साधनहरुको सञ्चालन हुने रुटको निर्धारण नगर कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमका रुट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनहरुको रुट देहाय बमोजिम हुनेछ:

(क) राजमार्ग सडक र नगर कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेका क्षेत्र बाहेकका नगर क्षेत्रभित्र कम्तीमा २० फुट पक्की सडक क्षेत्र ।

ख) नगर क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ ।

ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनुपर्नेछ ।

घ) रुट निर्धारण सम्बन्धमा नगर कार्यपालिका कार्यालयले समय-समयमा परिवर्तन गर्न सक्नेछ ।

सिद्धार्थनगर नगरपालिका

११. संख्या निर्धारण:

(१) नगर क्षेत्र भित्र संञ्चालन हुने विद्युतीय रिक्साको सख्या निर्धारण नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र व्यवस्थापन समितिको सिफारिस समेतको आधारमा संख्या निर्धारण गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको विद्युतीय रिक्साका सख्या एकिन गरी निर्धारण नभएसम्मका लागि नगर क्षेत्र भित्र संञ्चालन भई नगरकार्यपालिका कार्यालयबाट गरिने सूचना बमोजिम एकिन भएका सख्या मात्र कायम हुनेछ ।

(४) उपदफा ३ बमोजिम निर्धारण गरिएको संख्या नगर कार्यपालिकाले समय-समयमा पुनरावलोकन गर्न सक्नेछ ।

१२. आलोपालो तोक्न सक्ने : (१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको संख्या बढी भई स्वरोजगार श्रमिकहरुको आम्दानीमा प्रतिकुल असर परेका, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा नगर कार्यपालिकाले सरोकारवालाहरु समेतका सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीको आधारमा संञ्चालन गर्ने गरी तोक्न सक्नेछ । आलोपालो प्रणाली जोरविजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सर्क्नेछ ।

## परिच्छेद-४
## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

१३. तीन पाङग्रे सवारी साधन संचालन तथा व्यवस्थापन समिति :

(१) नगर क्षेत्रमा सञ्चालन हुने तीन पाङग्रे सवारी साधनहरुको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख - संयोजक
(ख) यातायात व्यवस्था कार्यालयका प्रमख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना -सदस्य
(ग) जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमख वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना - सदस्य
(घ) नगर प्रमुखले तोकेको ट्रेड युनियन प्रतिनिधि १ जना -सदस्य
(ङ) नगर प्रमुखले तोकेको नगरपालिकाको प्राविधिक कर्मचारी १ जना -सदस्य
(च) जिल्ला स्थित उपभोक्ता हित संरक्षण मंचका अध्यक्ष १ जना -सदस्य
(छ) सिद्धार्थनगर कार्यपालिका कार्यालयका राजश्व शाखा प्रमुख -सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) तीन पाङग्रे सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमा देखिएका समस्या समाधान गर्ने ।

(ख) सम्वद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसँग समन्वय गर्ने ।

(ग) भाडा दर निर्धारण गर्ने र लागु गर्ने गराउने ।

(घ) प्रत्यक दुई वर्षमा भाडा दरमा पुनरावलाकन गर्ने ।

(ङ) सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराइ संचालन योग्य नदेखिएको सवारी साधनका दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

(च) नगर क्षत्रेमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनका अवस्था समेतलाई विचार गरी इ-रिक्शाको सख्या थपघट गर्न नगर कार्यपालिकालाइ सिफारिस गर्ने ।

(छ) नगरमा संचालित तीन पाङ्ग्रे सवारी साधनमा कलर कोड तोक्ने ।

(३) समितिका बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक बस्दा नगरपालिकाले तोके बमोजिमको बैठकभत्ता पाउने छन् ।

सिद्धार्थनगर नगरपालिका

(५) समितिका संयोजकले आफ्नो अधिकार उपप्रमुख वा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

१४. बिमा गर्नुपर्नेः सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

१५. सवारी धनी तथा सवारी चालकले पालना गर्नुपर्ने शर्त यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछ ।

(क) सवारीधनी र सवारी चालकको ठेगाना र फोन नंवर सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राख्नु पर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गराएको हुनु पर्दछ ।

(ग) निषेधित क्षेत्रमा सवारी सञ्चालन गर्न पाइने छैन ।

(घ) सिद्धार्थ राजमार्ग, लुम्बिनी सडक तथा नगरकार्यपालिकाले निषेधित क्षेत्र भनि तोकेको सडकमा इ-रिक्सा तथा अन्य तीन पाङ्ग्रे सवारी साधन संञ्चालन गर्न पाईने छैन ।

(ङ) दर्ता नभएका र नवीकरण नभएका सवारी साधन संञ्चालन गर्न पाईने छैन ।

(च) सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ ।

(छ) मादकपदार्थ वा लागु औषध सेवन गरी सवारी संचालन गर्न पाइने छैन ।

(ज) यात्रुसँग मर्यादित व्यवहार गर्नु पर्नेछ ।

## परिच्छेद-५
## दण्ड जरिवाना तथा राहत कोष सम्बन्धी व्यवस्था

१६. दण्ड जरिवाना सम्बन्धी व्यवस्था

यस कार्यविधिको विपरीत दर्ता अनुमति लिनु पर्नेमा दर्ता अनुमति विना सवारी संचालन गरे गराएमा वा रुट अनुमति विना सवारी चलाएमा, सवारी चालक अनुमति वा लाइसन्स प्राप्त नगरी इ-रिक्सा चलाएको पाईएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेको वा दफा १५ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछः

(क) पहिलो पटक भएमा रु.५००।- जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा रु.७५०।- तेस्रो पटक सोही कसुर गरेमा रु.१०००।- जरिवाना हुनेछ । तीन पटक भन्दा बढी पटक पटक सोही कसुर गरेमा दर्ता अनुमति र रुट परमिट खारेज हुनेछ ।

ख) दण्ड जरिवाना गर्ने अधिकारीः यस दफा बमाजिमको दण्ड जरिवाना प्रमख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ । यस सम्बन्धि अधिकार ट्राफिक प्रहरी कार्यालयलाई प्रत्यायोजन गर्न सकिनेछ ।

१७. राहत कोष सम्बन्धी व्यवस्थाः

(१) यस कार्यविधि बमोजिम दर्ता अनुमति सिफारिस प्राप्त गरी रुट इजाजत प्राप्त तीन पाङ्ग्रे टेम्पो वा इ-रिक्सा धनी र चालक दुर्घटना वा अन्य कारणले गम्भिर बिरामी भएमा, अपाङ्गता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्तो तीन पाङ्ग्रे टेम्पो वा इ-रिक्सा धनी वा चालकलाई राहत सहयोग प्रदान गर्न सिद्धार्थनगर नगरपालिकाले एउटा श्रमिक कल्याण राहत कोष स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमाजिमका कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) दर्ता अनुमति सिफारिस र रुट इजाजत सिफारिसका शुल्क मध्येको १०% रकम ।

(ख) दर्ता अनुमति सिफारिस र रुट इजाजत सिफारिस गर्दा कोषमा योगदान स्वरुप जम्मा हुने रकम । योगदान स्वरुप रकम जम्मा गर्दा ५ वटा सम्म तीन पाङ्ग्रे टेम्पो वा इ-रिक्सा धनीले एकमुष्ठ रु.५००।- र सो भन्दा बढी जतिसुक सवारी धनीले रु.५००।०० मा थप प्रति रिक्सा रु.१५०।- का दरले हुन आउने रकम हुनेछ । तर सो रकम रु.१०००।-भन्दा बढी हुने छैन ।

(ग) जरिवानाबाट प्राप्त हुने रकमको २५% रकम ।

(घ) नगरपालिकाले विनियोजन गरेको रकम ।

(ड) अन्य रकम ।

(३) कोषका खाता संचालन सिद्धार्थनगर नगरपालिकाल छुट्टै खाता खोली गर्नेछ ।

(४) कोषको संचालन दफा १३ बमोजिमको इ-रिक्सा संचालन तथा व्यवस्थापन समितिले गर्नेछ । कोषको रकम समितिको निर्णय विना खर्च गर्न पाइने छैन ।

(५) राहत रकम अधिकतम रु.२५ हजार भन्दा वढी उपलब्ध गराइने छैन ।

(६) राहत रकम रु.२५ हजार भन्दा बढी उपलब्ध गराउनु पर्ने अवस्था भएमा समितिले बढी रकम उपलब्ध गराउन पर्नाको प्रयाप्त कारण र आधार प्रमाण सहित नगर कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ । त्यसरी प्राप्त निर्णय सिफारिस उचित ठहर भएमा नगरकार्यपालिकाले उक्त कोषको अवस्था हेरी वढीमा रु.५०,०००।- सम्म उपलब्ध गराउन सक्नेछ ।

(७) एक वर्षमा एक व्यक्तिलाई दोहोऱ्याएर राहत उपलब्ध गराइने छैन ।

## परिच्छेद-६
## विविध

१८. विविध:

(१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त इ-रिक्साहरुको आयु यस कार्यविधि बमोजिम रुट इजाजत प्राप्त भएको मितिले ५ वर्ष मात्र हुनेछ । सो मितिपछि उक्त रिक्सा, रिक्सा धनी स्वंयले नष्ट गर्नु पर्नेछ । त्यसरी नष्ट नगरेमा उक्त रिक्साका दर्ता तथा रुट इजाजत खारेज गरिनेछ । तर यस कार्यविधि बमोजिमको प्राविधिक जाँचबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला स्वत दर्ता तथा रुट इजाजत खारेज हुनेछ ।

(२) उप-दफा (१) बमोजिम खारेज भएका दर्ता नंवरमा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निर्णय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(३) यस कायविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भइ संचालन भएका इ-रिक्साहरुका हकमा यस कार्यविधि बमोजिमको प्रकृयामा आइ निधारित संख्या भित्र परेकाको हकमा यातायात व्यवस्था कार्यालयमा ठाउँसारी गर्नुपर्नेछ । त्यसरी नामसारी नभएका इ-रिक्साहरुलाई रुट इजाजत उपलब्ध गराइने छैन । ठाउँसारी गर्न कम्तिमा ३५ दिनका सूचना गरिनेछ ।

(४) जरिवानाबाट प्राप्त हुने रकमका व्यवस्थापन देहाय बमाजिम खर्च गरिनेछ:

(क) जरिवानाबाट प्राप्त रकम नगरपालिकाको संचित कोषमा जम्मा भएपछि प्रत्येक ३/३ महिनामा २५% रकम दफा १७ बमोजिमका श्रमिक कल्याण राहत कोषमा दाखिला गर्ने र २५% रकम नगरका ट्राफिक व्यवस्थापनको अनुगमन नियमन गर्न जिल्ला ट्राफिक प्रहरी कार्यालयलाई उपलब्ध गराइनेछ । जरिवानाबाट प्राप्त हुने उक्त रकम ट्राफिक प्रहरी कार्यालयले अनुगमनमा संलग्न प्रहरीलाई प्रोत्साहन तथा कार्यालय व्यवस्थापनमा खर्च गर्नसक्नेछ ।

(५) यस कार्यविधिको व्याख्या, संशोधन, खारेजी गर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(६) यस कार्यविधिमा उल्लेखित बिषय कुनै प्रचालित लुम्बिनी प्रदेश सरकार वा संघीय सरकारको कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आज्ञाले:

तुल्सीराम मारासिनी
प्रमुख प्रशासकिय अधिकृत

सिद्धार्थनगर नगरपालिका